का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ माघ २०७९,
बिहीबार
2 February 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ८ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com



# राप्रपाले ल्याएको तरंग



मन्त्रिपरिषदमा बसेर संविधानको बर्खिलापमा बोल्नु हुँदैन । राप्रपाका साथीहरूलाई आग्रह गर्न चाहन्छु, त्यसलाई रोक्नुहोस् ।

**रघुजी पन्त**- सांसद, एमाले



संविधानका मूल्यहरूलाई इमानदारीपूर्वक पालना गरौँ । मन्त्रिपरिषद्का सदस्य संविधानभन्दा बाहिर गएर गरिने टिप्पणी स्वीकार्य हुन्न ।

**शक्ति बस्नेत**- सांसद, माओवादी



हामी सानो होउँला तर राजासहितको प्रजातन्त्र र हिन्दूराष्ट्र स्थापना गर्न आएका छौं । व्यवस्था मान्छौं तर, आफ्ना कुरा उठाइरहन्छौं ।

**धवलशमशेर जबरा**- सांसद, राप्रपा



एकाथरीबाट राजतन्त्र ल्याउने कुरा भइरहेको छ । अर्कोथरी संघीयता कुनै हालमा हुँदैन भनिरहेका छन् । यो त तमासा भयो ।

**रमेश लेखक**- मुख्य सचेतक, कांग्रेस

> संयोग नै मान्नुपर्छ ०६१ सालमा राजा ज्ञानेन्द्रले 'कु' गरेको १८ वर्ष पूरा भएको दिन बुधबार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रतिनिधिसभामा हिन्दु राष्ट्र र राजसंस्थाको एजेण्डा दरिलोसँग प्रस्तुत भएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १८ माघ ।

राजसंस्था फालेर गणतन्त्र ल्याउने पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री छन् । उनी नेतृत्वको सरकारमा राजसंस्थाको वकालतकर्ता राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि छ। संयोग नै मान्नुपर्छ ०६१ साल माघ १९ मा राजा ज्ञानेन्द्रले कु गरेको १८ वर्ष पूरा भएको दिन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रतिनिधिसभामा हिन्दुराष्ट्र र राजसंस्थाको एजेण्डा दरिलोसँग प्रस्तुत भएको छ।

राप्रपा मुलुकमा गणतन्त्र आउनु अगाडिको ठूलो शक्ति हो । ०४६ मा प्रजातन्त्र पुर्नबहाली भएपछि पञ्चायतको पक्षमा रहेकाहरुले खोलेको राप्रपा मुलुक गणतन्त्रउन्मुख हुँदै गर्दा राजतन्त्रको पक्षमा खरो रुपमा देखा पऱ्यो । २०६१ साल माघ १९ गते मुलुकमा गणतन्त्रको माग बलियो बन्दै गएको अवस्थामा तत्कालीन राजा ज्ञानेन्द्र शाहले कु गरेका थिए। त्यसबेला राजा ज्ञानेन्द्रलाई दह्रिलो साथ दिएको राप्रपा अहिले पनि राजसंस्था र हिन्दु राष्ट्रको एजेण्डा बोकेर हिँडिरहेको छ।

०६४ को चुनाव सानो शक्तिको रुपमा खुम्चिएको राप्रपा २०७० मा केही फैलियो तर, ०७४ मा फेरि खुम्चियो । तर, ठूला दलहरुको काम गराइप्रतिको निरन्तरको प्रश्न, भ्रष्टाचार सुशासनमाथिको प्रश्नको समाधान दिने वाचा गर्दै राप्रपामा कमल थापाको नेतृत्व लत्याउँदै राजेन्द्र लिङ्देन आए । उनले भ्रष्टाचार गर्नु आमाको रगत खानु सरह भन्दै जनताको मत जिते र गत चुनावबाट १४ सिट प्राप्त गर्दै संसदमा राप्रपालाई पाचौं दलको हैसियत दिलाए। लिङदेनले ल्याएको यो प्रभाव संसदमा देखा परेको छ।

चुनावपछिको प्रतिनिधिसभाको बैठक बुधबार छैठौं हो । छैठौं बैठकमा शून्य र विशेष समय चलाइयो। चुनावपछिको प्रतिनिधिसभाको बैठकमा जुन दिनबाट शून्य र विशेष समय चल्छ त्यही दिनबाट संसदमा बहस शुरु भएको मानिन्छ । यसपटक पनि पाँच वटा बैठकसम्म शुभकामना दिने, सभामुख र उपसभामुखको निर्वाचन गर्ने लगायतका कार्य भए। शून्य र विशेष समयमार्फत बहस शुरु गरेको पहिलो दिन दलहरुले आफ्ना एजेण्डा संसदमा दर्ज गराए । संविधान जारी भएपछिको

– बाँकी पृष्ठ २ मा

## पाठ्यपुस्तक छपाइमा कमिसनको चलखेल




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ माघ ।

कक्षा १-५ सम्मका पाठ्यपुस्तक छपाइमा कमिसनको चलखेल शुरु भएको छ ।

सरकारले आगामी शैक्षिक सत्रमा कक्षा १-५ सम्मका पाठ्यपुस्तक छपाइको जिम्मा निजी क्षेत्रलाई दिने निर्णय गरेसँगै कमिसनको चलखेल हुनसक्ने आशंका बढेको हो । शिक्षा मन्त्रालयको निर्णयको आधारमा पाठ्यक्रम विकास केन्द्रले यसैसाता सार्वजनिक सूचना जारी गरि निजी मुद्रकलाई पाठ्यपुस्तक छाप्न दिने तयारी गरेसँगै विद्यार्थी र शिक्षा क्षेत्रका विज्ञहरुले उक्त निर्णयको विरोध गरेका छन् । मन्त्रालयले यसअघि कक्षा १ देखि ३ सम्मको पुस्तक छपाइको जिम्मा निजी क्षेत्रलाई दिइएकोमा आगामी शैक्षिक सत्रबाट कक्षा ५ सम्मकै पुस्तक छपाइको जिम्मा निजीलाई दिने निर्णय गरेको छ । जसको विरोधमा नेकपा एकीकृत समाजवादी निकट अनेरास्ववियूले शिक्षामन्त्रीको पूत्ला जलाउने देखि नियमित धर्ना र विरोध प्रदर्शन गर्दै आईरहेको छ ।

अनेरास्ववियूले बुधवार पनि निजी कम्पनीलाई कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक छाप्न दिने शिक्षा मन्त्रालयको निर्णय विरुद्ध जनक शिक्षा सामाग्री केन्द्र सानोठिमीको केन्द्रीय कार्यालय घेराउ गरेको छ । कार्यक्रमलाई सम्बोधन गर्दै अनेरास्ववियू अध्यक्ष सुदेश पराजुलीले जनक शिक्षा सामाग्री केन्द्र भित्रको भ्रष्टाचारका कारण कमिसनका लागि निजी कम्पनीलाई पाठ्यसामग्री छाप्न दिइएको बताउदै जनक शिक्षा सामाग्री केन्द्रले नै पाठ्यपुस्तक छाप्नु पर्नेमा जोड दिए । साथै उनले शैक्षिक सामाग्री समयमै विद्यार्थीसम्म पु्ऱ्याउन माग पनि गरे । शैक्षिक क्षेत्रमा हुने नीतिगत लगायत कुनै पनि भ्रष्टाचार अनेरास्ववियूले नसहने, त्यस्ता भ्रष्टाचारविरुद्ध कडा प्रतिवाद, प्रतिकार गर्ने चेतावनी समेत दिए ।



> सरकारले निजी प्रकाशकलाई आफ्नो नियमनमा राख्नुपर्छ । किनभने विगतमा निजीले गुणस्तरमा बदमासी गरेको पाइएको छ ।

**केदारभक्त माथेमा**
**शिक्षाविद्**

शिक्षा मन्त्रालयले भने हरेक वर्ष पाठ्यपुस्तकको अभाव हुने समस्या समाधानका लागि निजीलाई पाठ्यपुस्तक छपाईको जिम्मेवारी दिएको दावी गर्दै आएको छ । सरकारको यस निर्णयको विरोध गरिहाल्नुपर्ने अवस्था नभएपनि कागजको गुणस्तर कम हुने र मूल्य वृद्धि हुनसक्ने शिक्षाविद्हरुको आशंका छ ।

'पछि २ सय रूपैयाँमा पाइने पुस्तक एक हजार रूपैयाँ पुऱ्यायो भने राज्यलाई भार पर्छ, यो गर्न दिनुभएन, सरकारले निजीलाई आफ्नो नियमनमा राख्नुपर्छ, विगतमा निजीले गुणस्तरमा बदमासी गरेको छ । उसले छापेको किताबमा अक्षर मेटिने, कागज गतिलो नहाल्ने जस्ता बदमासी देखिएका छन्, यसमा भने सरकारले नियमन गर्नुपर्छ' शिक्षाविद् प्राध्यापक केदारभक्त माथेमाले भने । साथै उनले

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### कामदार आपूर्तिको महत्वपूर्ण एजेण्डासहित मलेसियाका गृहमन्त्री आज आउँदै

## निजी क्षेत्र बाइपास ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ ।

मलेसियाका गृहमन्त्री सैफुद्दिन नासुसन इजमाइल नेपालबाट कामदार आपूर्तिको महत्वपूर्ण एजेण्डासहित बिहीबार साँझ काठमाडौं आउँदै छन् । ११ सदस्यीय मलेसियाली टोलीसहित नेपाल आउनु अघि उनले मलेसियाका विदेशी कामदार आपूर्ति गर्ने अर्को श्रोत मुलुक इन्डोनेशियाको उच्चस्तरीय भ्रमण गरेका छन् । उनी बिहीबार साँझ विशेष विमानबाट नेपाल आएर शनिबार बंगलादेश जाने बताइएको छ ।

कोरोना संक्रमणपछि निर्यातमा आधारित मलेसियाको अर्थतन्त्रको सबै क्षेत्रमा विदेशी कामदारको अभाव भएपछि गृहमन्त्री सैफुद्दिन आफैं विदेशी कामदार आपूर्ति गर्ने श्रोत मुलुकको भ्रमणमा निस्केका हुन् । मलेसियाले तत्काल ५ लाख विदेशी कामदार लिने बताएको छ ।

उनले नेपालबाट आपूर्ति हुन सक्ने कामदारको सीप तथा संख्याका बारेमा बुझ्ने बताइएको छ। उनले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालसँग छलफल गर्ने तय भएको बताइएको छ ।

छलफल तथा भेटवार्तामा निजी क्षेत्रलाई सहभागी गराउने बारेमा बुधबार साँझसम्म कुनै निर्णय भएको छैन । मलेसिया कामदार पठाउने विषयमा नेपालको निजी क्षेत्रको महत्वपूर्ण संलग्नता रहेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी तथा नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष कैलाश खड्का दुवै जनाले सरकारी स्तरबाट कुनै सम्पर्क नगरिएको मध्यान्हलाई जानकारी दिए।

'फरेन वर्कर इम्प्लोइमेन्ट रिल्याक्सेशन प्लान' नीति लिएको मलेसियाले सेवा,

– बाँकी पृष्ठ २ मा

### पासपोर्ट बनाउन पोर्चुगलमा घुम्ती टोली खटाइने

**पुस्तक रेग्मी/मध्यान्ह**
पोर्चुगल, १८ माघ ।

पोर्चुगलमा रहेका नेपालीहरुको पासपोर्ट बनाउन बढीमा दुई हप्ताभित्र पाँच सदस्यीय टोली एक महिनासम्मका लागि पोर्चुगल आउने भएको छ । पोर्चुगलमा रहेका नेपालीहरुलाई सहयोग गर्ने उद्देश्यले उक्त टोली पठाउन लागिएको परराष्ट्रमन्त्री डा. विमला राई पौडेलले जानकारी दिइन् ।

एनआरएनए पोर्चुगललगायत युरोपका एनसीसीहरुको सम्पन्न छलफल तथा अन्तरक्रिया कार्यक्रममा मन्त्री डा. पौडेलले सो जानकारी दिएकी हुन् ।

एनआरएनए पोर्चुगल, माल्टा, साइप्रस, क्रोएसिया, चेक रिपब्लिक, पोल्याण्ड, स्पेनलगायत मुख्यरूपमा युरोपमा नेपालीले

– बाँकी पृष्ठ २ मा

## टुकुचा उत्खनन नगर्न उच्च अदालतको आदेश

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १८ माघ ।

काठमाडौं उपत्यकाको मध्य सहरमा बग्ने टुकुचा खोलाको उत्खनन् गरि संरक्षण गर्ने काठमाडौं महानगरपालिकाको योजनामा रोक लागेको छ ।

उच्च अदालत पाटनले काठमाडौं महानगरपालिकाले सुरु गरेको टुकुचा खोला उत्खनन कानुन विपरीत भएको ठहर गरेको हो । बुधबार न्यायाधीश महेश शर्मा पौडेल र राज्यलक्ष्मी बज्राचार्यको संयुक्त इजलासले काठमाडौं महानगरपालिकाले सुरु गरेको टुकुचा खोला उत्खनन गैरकानुनी भन्दै जग्गाधनीको पक्षमा फैसला गरेको हो । उच्च अदालतले हात्तीसार क्षेत्रमा गरिरहेको टुकुचा उत्खनन कार्य रोक्न काठमाडौं महानगरपालिकालाई आदेश दिएको अदालतका रजिस्ट्रार ठगिन्द्र कट्टेलले बताए ।

काठमाडौं महानगरपालिकाले १३० वर्षअघि भूमिगत गरिएको टुकुचा खोला उत्खनन गर्न सुरु गरेको थियो । उसले जय नेपाल फिल्म हललगायत विभिन्न व्यक्ति तथा संस्थाको स्वामित्वमा रहेको जग्गा खनेर टुकुचा खोलालाई सतहमा फर्काउन खोजेको थियो । महागनरले गत भदौ ३० गते हात्तीसारको



जयनेपाल हल परिसरमा उत्खनन् गर्दा टुकुचा देखिएको थियो ।

मेयर बालेन्द्र साहको निर्देशनमा काठमाडौं महागनरले डोजर लगाएर हात्तीसार क्षेत्रमा टुकुचा उत्खनन गर्न थालेपछि स्थानीय बासिन्दा उच्च अदालत पुगेका थिए । महानगरपालिकाको टुकुचा उत्खनन विरुद्ध हात्तीसार क्षेत्रमा रहेका स्थानीय र संघसंस्थाका तर्फबाट २१ वटा रिट परेका थिए ।

रिटमा महानगरले डोजर लगाएर टुकुचा उत्खनन गरिरहेको उल्लेख गर्दै तत्काल रोक लगाउन आदेश माग गरिएको थियो । बुधवार रिट निवेदकहरूको माग बमोजिम नै उच्च अदालतले आदेश दिएको हो ।

अब मुद्दा फैसला टुंगो नलागेसम्म काठमाडौं महागनरले हात्तीसार क्षेत्रमा टुकुचा उत्खनन गर्न पाउने छैन । काठमाडौं महानगरको

– बाँकी पृष्ठ २ मा

# भूमिहीनलाई निस्सा वितरण

सागर भण्डारी/मध्यान्ह
गुल्मी, १८ माघ

गुल्मीको मुसिकोट नगरपालिकाले नगरभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई निस्सा वितरणको काम शुरु गरेको छ। नगरपालिकाका ४ वटा वडाबाट निस्सा वितरणको काम शुरु भएको हो। पहिलो चरणमा वडा नम्बर १, २, ३ र ४ का १ सय २६ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गरिएको नगरपालिकाले जनाएको छ । राष्ट्रिय भूमि आयोग गुल्मीका अध्यक्ष राम मल्ल ठकुरी, मुसिकोट नगरपालिकाका नगरप्रमुख जीवन खरेल, उपप्रमुख गंगा श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत विनोद कुँवरले उनीहरुलाई निस्सा वितरण गर्दै छिट्टै जग्गाको टुंगो लाग्ने बताए।

भूमि आयोग गुल्मीका अनुसार मुसिकोट नगरपालिकामा ४५ भूमिहिन दलित, १९ जना भूमिहिन सुकुम्बासी र १७३ अव्यवस्थित बसोबासी रहेका छन् । ४ वटा वडाको काम जिल्ला मालपोत कार्यालय गुल्मी मार्फत् हुने र बाँकी ४ देखि ९ नम्बर वडासम्मको काम मालपोत कार्यालय मजुवा मार्फत् हुने भएकाले बाँकी रहेका वडाको निस्सा वितरण पनि केही दिनमा हुने भूमि आयोग गुल्मीका विज्ञ सदस्य तिलाचन पाण्डेले जानकारी दिए। भूमि आयोग गुल्मीका अध्यक्ष ठकुरीले गुल्मी जिल्लाका १२ स्थानीय तहमध्ये मुसिकोट नगरपालिका निस्सा वितरण गर्ने दोश्रो पालिका बनेको बताए । 'यो जग्गा प्राप्ति होइन, जग्गा नाप्ने बेलामा यही निस्सा देखाउनुपर्छ,' ठकुरीले भने, 'निस्सा पाएपछि तपाईंहरुको एउटा चरण पूरा भयो। अब थप अनुगमन गरेर जग्गा वितरणका लागि प्रक्रिया अघि बढ्छ।' साथै विभिन्न कागजपत्र र तीनपुस्ते विवरण भर्न छुट भई निस्सा नपाएका लाभग्राहीहरुलाई पनि प्रक्रिया पूरा गरेर निस्सा वितरण गरिने उनको भनाइ छ।

मुसिकोट नगरपालिकाका नगरप्रमुख जीवन खरेलले विभिन्न कारणले सुकुम्बासी बनेका नागरिकहरूलाई जमिनको मालिक बनाउने कामका लागि आफूहरु खटिएको बताए। नगरप्रमुख खरेलले निस्सा वितरणकै आधारमा अब जग्गाको नापजाँच प्रक्रिया अगाडि बढ्ने र सोही बमोजिम लालपुर्जा पाउने बताए। उनले अहिले निस्सा नपाएका नागरिकहरुलाई पनि नआत्तिन आग्रह गर्दै सबैको प्रक्रियागत हिसाबले काम हुने जानकारी दिए।

जग्गाको निस्सा पाएपछि मुसिकोट नगरपालिका वडा नम्बर १ का लाभग्राही हरिलाल सार्कीले वर्षौंदेखि अलपत्र अवस्थामा रहेका आफूहरुलाई नगरपालिकाले जग्गाको प्रमाण स्वरुप निस्सा वितरण गर्दा खुसी लागेको बताए । '१० वर्षदेखि बस्दै आएको जग्गालाई आफ्नो भन्न सकेको थिएनौं, अब लालपूर्जा पनि पाउँने कुराले खुसी छु, नगरपालिकालाई धन्यवाद,' सार्कीले भने। गुल्मी जिल्लामा यस अगाडि रुरु क्षेत्र गाउँपालिकाले निस्सा वितरणको काम सम्पन्न गरेको छ। जिल्लाका १२ स्थानीय तहमा २८५ जना भूमिहीन दलित, २ सय ३६ जना भूमिहीन सुकुम्बासी र १ हजार ६ सय २६ जना गरी कूल २ हजार १ सय ४७ जनाको तथ्यांक रहेको राष्ट्रिय भूमी आयोग गुल्मीले जनाएको छ।

## राप्रपाले...

पहिलो प्रतिनिधिसभाको पहिलो बैठकमा भन्दा दोस्रो पटकको चुनावको दोस्रो बहस सुरु भएको बैठकमा फरक दृष्य देखा पर्यो । अघिल्लो पटक संविधान कार्यान्वयनका विषयमा दलहरुले धारणा राखेका थिए जो समान थियो । तर, यसपटक राप्रपाले राजसंस्था र हिन्दू राष्ट्र पुनस्थापनाको विषय उठायो । जसलाई लिएर सवाल जवाफ भए। संयोग नै मान्नुपर्छ ०५८ सालमा राजा ज्ञानेन्द्रले कु गरेको १८ वर्ष पुरा भएकै दिन संसदमा हिन्दू राष्ट्र र राजसंस्थाको एजेण्डा दह्रिलोसँग संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदमै देखा परेको छ।

संसदमा यस विषयमाथि कुरा उठाउने पहिलो माननीय हुन्- एमाले सांसद रघुजी पन्त । उनले सरकारमै बसेर संविधानका आधारभूत मूल्य मान्यताविपरीत अभिव्यक्ति दिएको भन्दै राप्रपाका मन्त्रीहरुको अभिव्यक्तिमाथि प्रश्न उठाए ।

'मन्त्रिपरिषदमा बसेर संविधानको बर्खिलापमा बोल्नु हुँदैन । राप्रपाका साथीहरुलाई आग्रह गर्न चाहन्छु, त्यसलाई रोक्नुहोस्' उनले भने । नेता पन्तले थपे, 'सरकार ३० बुँदे न्युनतम साझा कार्यक्रमअनुसार चलोस् । अनावश्यक विवादमा नपरोस् । संविधानका आभारभूत मूल्यमान्यता विपरीत नजान मन्त्रीज्यूहरुको ध्यानाकर्षण गराउन चाहन्छु ।'

उनले प्रधानमन्त्री प्रचण्डले संघीयताविरुद्ध बोल्ने मन्त्रीलाई प्रष्टीकरण सोध्छु भनेकै भोलिपल्ट शहरी विकासमन्त्री विक्रम पाण्डेले चितवन पुगेर आफ्नो पार्टीले संघीयता स्वीकार नगरेको हुनाले त्यसलाई नमान्ने बताए। 'शहरी विकास मन्त्री विक्रम पाण्डेले आफ्नो पार्टीले संघीयता स्वीकार नगरेको र आफ्नो पार्टीले त्यसलाई नमान्ने चेतावनी दिनुभयो । मन्त्रीले पार्टीको अडानअनुसार नै अभिव्यक्ति राख्छौँ, संघीयता धर्मनिरपेक्षताविरुद्ध बोल्छौँ भन्नुभएको छ। संविधान र कानूनको अधिनमा रही मन्त्रीले आफ्नो अभिव्यक्ति दिनुपर्छ,' उनले भने ।

पन्तलगत्तै संसदमा धारणा राखेका माओवादीका सांसद शक्ति बस्नेतले पनि सरकारमा सहभागी भएर संविधानविपरीत कुरा गर्दै हिँडेको भन्दै आपत्ति जनाए। 'संघीय लोकतान्त्रिक गणतन्त्र उन्नत शासन व्यवस्था हो । व्यवस्था समस्याको कारण होइन, समस्या यसअनुसार हाम्रो व्यवहार विधि र पद्धति हो,' उनले भने । उनले सरकारमा बसेर संविधानविपरीत बोल्ने कुरा स्वीकार्य नहुने उल्लेख गर्दै भने, 'संविधानका मूल्यहरुलाई इमानदारीपूर्वक पालना गरौँ। त्यसले मात्रै व्यवस्थासँगै अवस्था पनि फेरिने छ । मन्त्रिपरिषद्का सदस्य संविधानभन्दा बाहिर गएर गरिने टिप्पणी स्वीकार्य हुन्न । '

बस्नेतको अभिव्यक्तिलगत्तै राप्रपाका ज्ञानबहादुर शाहीले नामै किटेर पन्त र बस्नेतको भनाइप्रति आपत्ति जनाए। 'संविधान बनाउने बेला संघीयता र धर्म निरपेक्षताका बारेमा लिइएको सुझाव किन सार्वजनिक गरिएन ? धारा २७४ ले भौगोलिक अखण्डता, सार्वभौमसत्ताबाहेकका विषय संशोधन गर्ने अधिकार दिएको छ' शाहीले भने। 'गणतन्त्र चाहिन्छ वा चाहिँदैन भन्ने कुरा, धर्मनिरपेक्षता चाहिन्छ कि चाहिँदैन भन्ने कुरा यही संसदमा बहस गर्न पाइन्छ,' उनले थपे ।

राप्रपाका धवलशमशेर जबराले आफ्नो पार्टीमाथि प्रहार गरिएको भन्दै आपत्ति जनाए । 'राप्रपामाथि प्रहार गर्नुभयो। हामी सानो होउँला तर राजासहितको प्रजातन्त्र र हिन्दू राष्ट्र स्थापना गर्न आएका छौँ। व्यवस्थालाई नमान्ने भए हामी बन्दुक उठाउथ्यौँ । जंगल जान्थ्यौँ । व्यवस्था मान्छौं तर, आफ्ना कुरा उठाइरहन्छौँ' राणाले भने ।

संसद बैठकपछि कांग्रेसका मूख्य सचेतक रमेश लेखकले भने प्रतिनिधिसभाको बुधबारको दृश्यलाई तमासाको संज्ञा दिए । 'राजतन्त्र ल्याउने कुरा भइरहेको छ । अर्कोथरी संघीयता कुनै हालमा हुँदैन भनिरहेका छन् । यो त तमासाको सरकार भयो,' उनले भने ।

## पाठ्यपुस्तक...

किताब बिना नै शिक्षकले पठनपाठन गर्ने परिपाटीको विकास गर्नुपर्नेमा जोड पनि दिएका छन् ।

'शिक्षा मन्त्रीले कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक छपाउने जिम्मा निजीलाई दिने निर्णय गरे । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा भएको भ्रष्टाचार र त्यसका प्रबन्धक निर्देशक अनिलकुमार झालाई कारवाही गर्नुको साटो निजीलाई जिम्मा लगाउने काम भयो । सरकारको यस्तो निर्णयको विरोध गरिरहने अनेरास्ववियूका अध्यक्ष पराजुली भने । उनले सरकारी संस्थानलाई धराशायी बनाएर निजीलाई पोस्ने नीति तत्काल खारेज गर्न माग पनि गरेका छन् ।

नयाँ शैक्षिक सत्रका लागि अहिलेसम्म ६० लाख थान छपाइ सकिएको छ भने नयाँ शैक्षिक सत्रका लागि करिब २ करोड थान पुस्तक छाप्नु पर्ने देखिन्छ। साथै, केन्द्रमा ३ वटा नयाँ रंगीन छपाइ गर्ने वेब मेसिन जडान गरिएको र समयमै विद्यार्थीको हातमा पुस्तक पुग्ने शिक्षामन्त्रालयको दावी छ ।

तर, जनक शिक्षाका प्रवन्ध निर्देशक झालाई अनुसन्धान गरेर कारबाही गरेर कमिसन खाने खेलको अन्त्य हुनुपर्ने विद्यार्थी संगठनको माग छ । एकातिर जनक शिक्षाले चुस्त काम नगर्दा समयमा विद्यार्थीको हातमा पुस्तक नपुग्ने समस्या वर्षेनी देखिन्छ भने अर्कातिर कम गुणस्तरहीन काम गरेर निजीले कमिशन खाने मेलो मात्रै गरेको सरोकारवालाहरु बताउँछन् ।

## कामदार...

औद्योगिक उत्पादन, कृषि तथा प्लान्टेसन र निर्माण क्षेत्रमा कामदारको अभाव झेलिरहेको छ। गृहमन्त्री सैफुद्दिनले इन्डोनेशियाले आफ्नो मुलुकले कार्यान्वयनमा ल्याएको 'फरेन वर्कर इम्प्लोइमेन्ट रिल्याक्सेशन प्लान'को स्वागत गरेको बताएका छन् । इन्डोनेशियासँग मलेसियाले नयाँ कामदार भर्नाको अतिरिक्त आफ्नो मुलुकमा ठूलो संख्यामा अवैधानिकरूपमा रहेका इन्डोनेशियाली कामदार फिर्ताको विषय र डिजिटल प्रविधिको प्रयोगका माध्यमबाट कामदार भर्ना प्रक्रियालाई छोटो बनाउने विषय उठाएको मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । इन्डोनेशिया मलेसियाका श्रोत मुलुकमध्ये पहिलो स्थानमा रहेको छ । मलेसियाका लागि नेपाली राजदूत डिल्लीप्रसाद पौडेलले मलेसियाले नेपाललाई पनि उच्च प्राथमिकतामा राखेको बताएका छन् ।

## पासपोर्ट ...

पासपोर्टसम्बन्धी समस्या झेलिरहेको एनआरएनएका केन्द्रीय उपमहासचिव श्रामशरण सिंखडाले बताए । सिंखडाकै सहजीकरणमा युरोपका नेपालीहरुको समस्या ध्यानाकर्षण र समाधानका उपायहरुका बारेमा परराष्ट्रमन्त्रीसँग छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।

पोर्चुगलका नेपालीहरुको पासपोर्ट बनाउनुपर्ने विकाराल समस्या, पोर्चुगलमा नेपालीहरुको भइरहेको असामयिक निधन र शव व्यवस्थापन सन्दर्भमा एनआरएनए पोर्चुगलको तर्फबाट अध्यक्ष रविन अधिकारी र महासचिव राजकुमार थापाले बुँदागतरूपमा समस्या राख्दै समाधानका लागि माग राखेका थिए । यस्तै समस्या र समाधानबारे लिखित ज्ञापनपत्र पठाइने महासचिव थापाले जानकारी दिए । कार्यक्रममा वरिष्ठ उपाध्यक्ष सीता श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

मन्त्री डा. पौडेलले आफ्नो मन्तव्यको क्रममा पोर्चुगलमा रहेका नेपालीहरुको हराएका या म्याद सकिएका पासपोर्ट बनाउन एक/दुई हप्ताभित्रै २५ दिनदेखि एक महिनासम्मका लागि ५ सदस्यीय टोली पोर्चुगल पठाइने र उक्त टोलीलाई दूतावासले संयोजन र निरीक्षण गर्ने जानकारी दिइन् ।

## टुकुचा...

मध्य भाग हुँदै बग्ने टुकुचाको नामबाट बढी चिनिने ईच्छुमती खोला सबैभन्दा बढी अतिक्रमित खोलाको रुपमा रहेको छ ।

ठाउँठाउँमा यस खोलालाई ढल छोपेको झैँ छोपेर त्यसमाथि संरचना बनेका छन्। जानकारहरुका अनुसार टुकुचामा अतिक्रमण हुन थालेको राणाकालदेखि नै हो । टुकुचालाई तत्कालीन राजदरबार नारायणहिटीको पर्खालभित्रबाट भूमिगत बनाएर ढलकै रूपमा निकालेको छ। नारायणहिटी दरबार परिसरभित्रदेखि दबिएको खोला एकैचोटि कमलादीनिर काठमाण्डौं प्लाजापछाडि देखापर्छ ।

त्यसपछि पनि कतै देखा पर्ने त कतै छोपिएको अवस्थामै बहेर टुकुचा थापाथलीस्थित कालमोचन घाटमा पुगेर बाग्मतीमा मिसिन्छ।

दबिएका ठाउँमा टुकुचालाई मुनि पारेरै ठूल्ठूला भवन बनेका छन् भने देखा परेका ठाउँमा समेत छेउछाउमा व्यापक अतिक्रमण गरिएको छ ।

सरकारले २०६४ साल मंसिर १ गते खोला छोप्न नपाइने नियम ल्याएको थियो । उक्त मापदण्डअनुसार टुकुचा खोलाको नापि नक्शामा भएको खोलाको किनारबाट ४ मिटर छाडेर मात्रै निर्माण गर्न पाइने उल्लेख छ ।

टुकुचाको साबिकको ढलक्षेत्रलाई दोबर तेबर फराकिलो ठाउँ दिएर खोला बढ्दा समेत घरलाई असर नपर्ने अनि खोला पनि नथुनिने गरी बनाएकोले इञ्जिनियरिङको दृष्टिले संरक्षण गर्नुपर्ने माग पनि गरिदै आएको छ ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **कोड इन्टरनेशनल सर्भिसेज प्रा.लि.** श्रम इजाजत पत्र न. ६६०/०६३/०६४ मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.न. | नाम | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १ | द्रोण कुमार तिम्सिना | दमक-४, झापा | ०४२०४४४५२८ |
| २ | अमित स्याङवा तामाङ | ईश्वरपुर-४, सर्लाही | ३८४९११२१ |
| ३ | रविन घिमिरे | दाङहाट-५, मोरङ | ०५२०२०-३९२ |
| ४ | कमल बहादुर निरौला | मेचीनगर-१४, झापा | ३००४१११८ |

श्रम इजाजत नं. ६६०/०६३/०६४
**कोड इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
घर नं.: १३८, सुरुचिमार्ग, नयाँबानेश्वर, काठमाण्डौ, नेपाल
फोनः ४७८५८७५, ४७८२२४०, ९८०११२६८४२,
Email: admin@codehrnepal.com | Url www.codenepal.com.np

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Sufi International Services Pvt. Ltd. (श्रम इजाजत पत्र नं.७९६/०६५/०६६) मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाईएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निजहरु सँग यस प्रा. लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनहुन यसै सार्वजनिक सूचनाद्धारा जानकारी गराईन्छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन । साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कमचारीहरुको नाम | कर्मचारीहरुको पद | नागरिकता नं. |
|---|---|---|---|
| १ | सुरेश प्रजापति | श्रम प्रतिनिधि | १५३८४ |
| २ | अभिनय मान सिंह बस्नेत | पिआरओ | १०६५२१६६ |
| ३ | रोस्ना चौधरी | एकाउन्टेन्ट | ३३१००१/१४३२३ |
| ४ | रिना कुमारी यादव | रिसेप्सनिष्ट | १८१०३३/४३९ |

Gov. Lic. No. 796/065/066
Sufi International Services Pvt. Ltd.
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
E-mail: sufiintlpvt@gmail.com

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार ब्यवसाय संचालन गर्न इजाजत प्राप्त यस सुपर्ब सोलुशन प्रा.लि (श्रम इजाजत पत्र न २६४/०५८/०५९) मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट हटाईएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज सँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनहुन यसै सार्वजनिक सूचनाद्धारा जानकारी गराईन्छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन। साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | कमचारीको नाम | कर्मचारीको पद | ठेगाना |
|---|---|---|---|
| १ | नबिना बज्राचार्य | डकुमेन्टेशन | काठमाडौं |

Govt Lic. No. 264/058/059
Superb Solutions Pvt. Ltd.
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौ,
फोन : ४४६१२४३, ४४४५५१८
Email: info@superbsolutions.com.np,
Website: www.superbsolutions.com.np

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः LANDMARK CENTRAL MARKET CO. WLL — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०९/२४ चलानी नं.: ६०१६८३७२ L.T. No.: 250492 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Associate | 69 | 44 | स. काममा दक्ष | 170 | ७२,७८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

प्रि अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २४ र २५ गते (7 & 8 February 2023) मा हुनेछ ।
फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २६ गते (9 February 2023) मा हुनेछ ।
Candidates Must have Fluent In English.
यसै कम्पनीको लागि Fitting Carpenter को पनि माग भई आएकोले निःशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. २३५/०५८/०५९
Crown Employment Consultant Pvt. Ltd.
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4526566
Email: hr@crown.com.np | Mobile: 9801428705, 9801154533, 9801154534

## कुवेतमा रोजगार

कम्पनीः MOUDI INTERNATIONAL CONSTRUCTING CO — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/१०/१८ चलानी नं.:६०१९५५०६ LT. No.:280405

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packer | 74 | 0 | स. काममा दक्ष | 100 | ४२,८१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता गल्फ टेक्निकल इन्स्टिच्युट, प्रा.लि. इटहरीमा २०७९ माघ २६ गते (9 February 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ माघ २७, २९ गते र फागुन १ गते (10,12 & 13 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५४१/०७८/०७९
Pratik Human Resource Pvt. Ltd.
Sinamangal - 9, Kathmandu, Nepal -Tel: 977-01-5913092, 9813467879
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com

## मलेसियामा रोजगारको अवसर

कम्पनी : ACTMAX SDN BHD — शहरः SELENGOR
पूर्व स्वीकृत मितिः२०७९/०४/०३ चलानी नं.: ६०१८३४७६ LT. No.:267591 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ माघ २६ गते (9 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1439/074/075
Y. K. Manpower Agency Pvt. Ltd.
वाई.के. मेनपावर एजेन्सी प्रा.लि.
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: +977 14499181, +977 14497116, +977 9801234999, +977 9801234995.
E-mail: ykmanpoweragency@gmail.com, info@ykmanpower.com
Web.: www.ykmanpower.com

## UAE मा रोजगार

कम्पनी : LAYALY ARABIA HOSPITALITY SERVICES — शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/०६/२४ चलानी नं.: ६०१६५२२० LT. No.: 247686 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 1 | 0 | | 1200 | ४२,७३२ | | | | | | | |
| 3. | Kitchen Helper | 1 | 0 | | 1100 | ३९,१७१ | | | | | | | |
| 4. | Cleaner | 2 | 0 | | 900 | ३२,०४९ | | | | | | | |
| 5. | Cook | 2 | 2 | | 1500 | ५३,४१५ | | | | | | | |
| 6. | Technician | 2 | 0 | | 1500 | ५३,४१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ माघ २६ गते (9 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Aslesha International Pvt. Ltd. — श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 9803190690,9818330451,9808156040, 9815926684
Email: aslesha.international@gmail.com

## कतारमा रोजगार

कम्पनी : PLEDGE CONSTRUCTIONS AND TRADING AGENCIES WLL — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७९/१०/१८ चलानी नं.: ६०१९५८८५ LT. No.: 280398

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ माघ २६ गते (9 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Lic No.: 426/060/061
New S.V. International Pvt. Ltd.
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +977-01-5913575, Mob.: 980-3013510, 985-1120724 , 9851144185
E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np

## कतारका रोजगारको अवसर

१. कम्पनी :Q MILLENNIUM SERVICES — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७९/०६/२७ चलानी नं.: ६०१८९२१७ LT. No.: 273768 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ माघ २६ गते (9 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal Tel : 01-4963646, 430145

## कुवेतमा रोजगार

कम्पनीः MARAT NATIONAL GEN TRAD & CONT CO — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/१०/१८ चलानी नं.: ६०१९५९११ L.T. No.:280411

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Equipment Operator | 70 | 0 | सम्बन्धित काममा दक्ष | 220 | ९४,१८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Driver | 70 | 0 | | 170 | ७२,७८२ | | | | | | | |
| 3. | Labour (Indoor) | 20 | 0 | | 90 | ३८,५३१ | | | | | | | |
| 4. | Rigger | 20 | 0 | | 120 | ५१,३७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ माघ २६ गते (9 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov Lic. No. 757/064/065
YOUTH MANPOWER PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: 977-1-4566755, Fax: 977-1-4566966
E-mail: Info@youthmanpowernepal.com, youthmanpower757@gmail.com
Mobile: 9813344450 Jhapa Branch 023591554 Mobile:9801745554

# दोर्दी गाउँपालिकालाई विपद् व्यवस्थापन सामग्री

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १८ माघ



लमजुङस्थित दोर्दी गाउँपालिकालाई विपद् व्यवस्थापनका सामग्री सहयोग प्राप्त भएको छ । क्याथोलिक रिलिफ सर्भिस (सीआरएस) नेपाल र ग्रामीण सामुदायिक विकास केन्द्र आरसीडीसीको साझेदारीमा सञ्चालित लमजुङ पुनर्लाभ परियोजनाले आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापनाका लागि सो सामग्री दोर्दी गाउँपालिकालाई सहयोग गरेको हो । बुधबार पालिकाको वडा नं. ४ नौथर सेरामा एक कार्यक्रमकाबीच आरसीडीसीका कार्यकारी निर्देशक विश्वविनोद घिमिरेले गाउँपालिका अध्यक्ष युवराज अधिकारीलाई सो सामग्री हस्तान्तरण गरेका हुन् । आरसीडीसीका कार्यकारी निर्देशक घिमिरेका अनुसार विद्युतीय, हार्डवेयर, मेडिकल लगायत १ सय २८ प्रकारका सामाग्री ४ लाख ५ हजार २६० रुपैयाँ बराबरका सामग्री सहयोग गरेको छ । जिल्लाका पालिकाहरुमा विपद्का सामग्री पालिकाहरमा पर्याप्त नभएको र विभिन्न प्रकोपका संख्याहरु बढ्ने र तत्काल उद्धार नहुने देखिएकाले सहयोग गरेको उनले बताए । स्थानीय आपतकालिन कार्य सञ्चालन सवलीकण र शुद्धिकरणाका लागि पनि सहयोग पुग्ने अपेक्षाका साथ सहयोग गरिएको लमजुङ पुनर्लाभ परियोजना कार्यक्रम संयोजक हेमराज बिमलीले बताए ।

सो सामग्री हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष अधिकारीले पालिकाका धेरै गाउँहरु लेकमा रहेकाले विगतमा विपदमा परेर लेकमा मान्छेहरु हराउँदा खोजी कार्य,उद्धार गर्न कठिन हुँदै आएपनि यो सामग्रीले सहज बनाउने बताए । साथै पालिकामा जलजन्य प्रकोप, बाढी पहिरो लगायतका प्रकोप धेरै हुने भएकाले यस सामग्रीले खोज, उद्धार राहतमा सहज पुग्ने साथै विपद्को पूर्व तयारीमा सहयोग पुग्ने उनको भनाई छ । विपद्का बेलामा यस्ता सामग्रीले स्थानीयको जनधनको क्षति न्यूनीकरण गर्न मदत पुग्ने समेत उनले बताए ।

उक्त कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत शम्सेर गुरुङ, दोर्दी शिक्षा शाखा प्रमुख भिमप्रसाद लामिछाने, सिआरएसका कार्यक्रम व्यवस्थापक रमेश अधिकारी, सीआरएस नेपालका विपद व्यवस्थापन कार्यक्रम संयोजक कृष्णदेव जोशी लगायतको उपस्थिति रहेको थियो । यसअघि समेत बेसिशहर नगरपालिका, सुन्दरबजार नगरपालिका र मर्स्याङ्दी गाउँपालिकालाई समेत प्रति पालिकालाई ४ लाख ५ हजार २६० रुपैयाँ बराबरकै यस्ता सामग्री सहयोग गरिसकेको छ ।

# सुस्तामा शीत भण्डार

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १८ माघ

पश्चिम नवलवरासी सुस्ता गाउँपालिकाले पाँच सय मेट्रिक टन क्षमताको शीत भण्डार निर्माण गरेको छ । यस क्षेत्रमा मौसमी तरकारी फलफूल, आलु, प्याज, केरालगायत तरकारीहरु बढी मात्रामा उत्पादन हुने क्षेत्रमा शीत भण्डार नहुँदा प्रत्येक वर्ष कुहिएर नष्ट भएको छ ।

मौसमी फलफूल तरकारीहरु कुहिन नदिनको लागि फरक-फरक ५ वटा चेम्बर रहेको शीत भण्डार भवनमा सुरक्षित राख्नको लागि शीत भण्डार भवन निर्माण गरेको गाउँपालिकाले जनाएको छ ।

नवलपरासीको सुस्ता गाउँपालिका वडा नं ४ नरसहिस्थित २ कट्ठा भन्दा बढी क्षेत्रफलमा ४ करोड ९९ लाख ४१ हजार २ सय ९९ रुपैयाँ बराबरको शीत भण्डार भवन निर्माण कार्य गरेको छ । गत वर्ष फागुन महिनाबाट कालिगण्डकी रविना जे.भी. कन्स्ट्रकसन कम्पनीले शीत भण्डार भवन निर्माण कार्य शुरु गरेको थियो । आर्थिक वर्ष मंसिर महिनामा सित भण्डार निर्माण सम्पन्न गरेको छ इन्जिनियर विष्णुप्रसाद ज्ञवालीले बताए ।

प्रदेश सरकार र सुस्ता गाउँपालिकाको संयुक्त लगानीमा ५ वटा चेम्बर रहेको शीत भण्डार भवन निर्माण कार्य गरेको योजना शाखाका बिस्णुप्रसाद ढकालले बताए । सित भण्डार भवन निर्माण भए पनि विद्युत जडा गर्न र पर्खाल बनाउन बाँकी रहेकोले शीत भण्डार भवन सञ्चालन नभएको सुस्ता गाउँपालकाका प्रमुख प्रशासकीय अधिकृत बुद्ध प्रकाश पौडेलले बताए ।

# 'सुरक्षित यात्रा अभियान' शुरु

**सुर्खेत/मस-** कर्णाली प्रदेश प्रहरी कार्यालयले 'सुरक्षित यात्रा अभियान' शुरु गरेको छ । मातहतका दश जिल्लामा सवारी दुर्घटना न्यूनीकरणका लागि अभियान थालिएको प्रहरीले जनाएको छ ।

सुरक्षित यात्राका लागि नेपाल प्रहरी, ट्राफिक प्रहरीले चेक पोष्टहरुमा कम्तिमा ५ मिनेटभित्र सचेतना दिने, सवार ीसाधन अवस्था चेकजाँच गर्ने, प्रहरीप्रति जनताको अपेक्षा तथा सुझावको बारेमा जानकारी लिने, गुनासो सुन्ने, सवारी चालकसँगै यात्रुहरुलाई सुरक्षित यात्राका लागि ट्राफिक नियम, सुरक्षा सावधानी सिकाउने लगायतका कुराहरु जानकारी गराउने गर्दछन् ।

कर्णाली प्रदेश गर्ने मुख्यद्वार बबईमा कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका एसएसपी तथा सूचना अधिकारी माधवप्रसाद श्रेष्ठ, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय कर्णाली प्रदेशका प्रमुख (एसपी) प्रज्वल महर्जनले चालक तथा यात्रुसँग सामुहिक रुपमा सुरक्षित यात्राका बारेमा जनचेतना दिएका थिए ।

प्रहरीले कर्णाली प्रदेशभर दुर्घटनाको दर बढ्दै गएपछि सवारी दुर्घटना न्युनीकरणका लागि सुरक्षा सचेतना कार्यक्रम गरेको जनाइएको छ । प्रदेशभर सुरक्षित यात्रा कार्यक्रम लागू गरिएको र जसमा प्रहरीले यात्रु र चालकलाई गाडीमै सुरक्षा सचेतना दिने गरेको कर्णाली प्रदेश प्रहरी कार्यालय प्रवक्ता माधव प्रसाद श्रेष्ठले बताए ।


## कम्पनीको ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/१०/१९**

**सुमि पब्लिकेशन प्रा.लि.**को साविकमा रहेको रजिष्टर्ड कार्यालयको ठेगाना स्थानान्तर गरि **ललितपुर म.न.पा.–०४, ललितपुर, बागमती** कायम गर्ने गरी मिति २०७९/०७/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/१०/१९**

**एटलास सिभिल वर्कस प्रा.लि.** को मिति २०७९/०९/१३ र २०७९/०८/२० गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ऋद्धि इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा.लि. (प्रा.लि.नं.: १७१९९५)** साथै साविक ठेगाना सुर्यविनायक न.पा.–२, भक्तपुर लाई परिवर्तन गरी **का.म.न.पा.–३२, काठमाडौं** कायम गर्ने गरी मिति २०७९/०९/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## हकदावी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/१०/१९**

यस कार्यालयमा मिति २०७६/०१/१७ मा दर्ता भएको **प्रा.लि. नं. २१४१७७** को **फिग्स एजुकेशन नेपाल प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०५/२३ गतेमा दर्ता कायम भएको **अनमोल इन्टरनेशनल बिजनेश प्रा.लि. (दर्ता.नं. ४८८०१७/०६४/०६५)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/१०/१८ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यबसाय संचालन गर्न इजाजत प्राप्त यस Nepal HR Solution Pvt. Ltd. **(श्रम इजाजत पत्र न. १०८२/०७३/०७४)** मा कार्यरत निम्न कर्मचारीहरलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

| S.N. | Name of Employee | Citizenship No |
|---|---|---|
| 1 | Sujata Shrestha | 361041/247 |
| 2 | Roshani Sarki | 27-01-73-08863 |
| 3 | Ram Maya Tamang | 01-067-11323 |

श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
**Nepal HR Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **राज ग्रुप अफ कम्पनी प्रा.लि.** श्रम इजाजत पत्र न. १२४५/०७४/०७५ मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.न. | नाम | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | स्मृती नेपाली | कागजात अधिकृत | धनगढी-१, कैलाली | ०७१०२०/२७५१ |
| २ | राधिका श्रेष्ठ | रिसेप्शनिष्ट | शैलुङ-८, दोलखा | २२-०१-७५-०४०५६ |
| ३ | हिरालाल गदेल | जेनेरल म्यानेजर | निलकण्ठ-३, धादिङ | २६२१/३७७ |

RGC RAJ GROUP OF COMPANIES License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



## भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः वि.स. २०२५/१०/०१

स्वर्गारोहणः वि.स. २०७९/१०/०८

**स्वर्गीय लक्ष्मी श्रेष्ठ**

हाम्री ममतामयी भाउजू
**लक्ष्मी श्रेष्ठ**
को असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पूण्यतिथिमा हार्दिक श्रद्धान्जली व्यक्त गर्दछौं !

**सीतादेवी श्रेष्ठ** प्रकाशक
**मदनकुमार श्रेष्ठ** सम्पादक
तथा
**मध्यान्ह** राष्ट्रिय दैनिक
**परिवार**



## कतारमा रोजगार | कम्पनी : TOUCH FOR CLEANING-HOSPITALITY & TRADING
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/१०/१८ — चलानी नं.: ६०१९५९१७ — LT. No.: 280399

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 15 | 20 | स. काममा दक्ष | 1000 | ३५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २६ गते (9 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9828588725, 9840733260, 9862504026, 9816731487, 9842036587, 9801848598, 9803515104



## मलेशियामा रोजगार | कम्पनीः ALLIED FLOURISH SDN BHD
शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०८/०९ — चलानी नं.: ६०१९२०८२ — LT. No.: 276372 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | स. काममा दक्ष | 1500 | ४५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २६ गते (9 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १२१४/०७३/०७४
**J.S.N. International Pvt. Ltd.**
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np



## साइप्रसमा वैदेशिक रोजगारको अवसर

कम्पनीः MAYIASOVA SERVICES LTD. — शहरः Cyprus

पूर्व स्वीकृत मिति : २०७९/१०/१८ — चलानी नं.: ६०१९५९०५ — LT. No.: 280356

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 20 | 0 | स. काममा दक्ष | 1018 | १४४,४९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ २६, २७, २८ र २९ गते (9, 10, 11 & 12 Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1484/074/075
**Sundar Nepal Overseas Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal
Tel. 01-4578460, Mob.: 9860480301, 9851170602, 9841566228
Email: Sundarnpo@gmail.com



## साउदीमा रोजगार | Al Houssain & Al Afaliq Group Co.

पुनः विज्ञापन । पुर्व स्वीकृती मितिः २०७९/०८/०८ — चलानी नं. ६०१९१९४० — LT No.:276416

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Labour | 2 | सम्बन्धित काममा दक्ष तथा | 1000 | ३४,८८३।- | होटेलको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Weldrer | 1 | | 1500 | ५२,३२४।- | | | | | | | |
| 3. | Car Electrician | 1 | | 1800 | ६२,७८९।- | | | | | | | |
| 4. | Concrete Mix Labor | 2 | | 1000 | ३४,८८३।- | | | | | | | |
| 5. | Concrete Batching Plant Operator | 1 | | 2000 | ६९,७६५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०७९ माघ २६ गते (9 Feb, 2023) यस प्रा. लि. को कार्यालय कुलेश्वर, काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०३/०५४/०५५
**अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.**
कुलेश्वर, काठमाडौं फोनः ०१-५३७२०८०, ५३०१३५९



# भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः वि.स. २०२५/१०/०१

स्वर्गारोहणः वि.स. २०७९/१०/०८

**स्वर्गीय लक्ष्मी श्रेष्ठ**

हाम्री ममतामयी अर्धाङ्गिनी, आमा, बुहारी, भाउजू, दिदी, बहिनी, साली, धमाङ
**लक्ष्मी श्रेष्ठ**
को यही २०७९/१०/०८ गते भएको असामयिक स्वर्गारोहणको आज १२औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।
साथै यस दुखद घडीमा हामीप्रति समवेदना प्रदान गर्नुहुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

**पति** : अर्जुन कुमार श्रेष्ठ
**छोरा/बुहारी** : अभिमन्यु श्रेष्ठ/जेनु श्रेष्ठ
**छोरी** : अनु श्रेष्ठ
**छोरी/ज्वाई** : सुष्मा अधिकारी श्रेष्ठ/पवन अधिकारी
**जेठाजु/जेठानी** : नारायण श्रेष्ठ/विश्व शान्ती श्रेष्ठ
: बंशीराम श्रेष्ठ/बिद्या श्रेष्ठ
: ईश्वर कुमार श्रेष्ठ/विष्णु श्रेष्ठ
**देवर/देउरानी** : मदन कुमार श्रेष्ठ/सिता देवी श्रेष्ठ
: रत्नकुमार श्रेष्ठ/शान्ता श्रेष्ठ
: बिनोद कुमार श्रेष्ठ/सुशिला श्रेष्ठ
: नविन कुमार श्रेष्ठ/विमला श्रेष्ठ
**आमाजु/नन्दहरू** : मिठु श्रेष्ठ, कुलमाया श्रेष्ठ, सिता श्रेष्ठ, अष्ट श्रेष्ठ, भवानी पिया, राधा पिया
**दिदी/भिनाजु** : दालचिनी कतिला/खड्गमान कतिला
**नन्द/नन्द ज्वाइं** : शकुन्तला श्रेष्ठ/जुन नारायण श्रेष्ठ
**बहिनी/ज्वाईं** : सपना श्रेष्ठ/राजेश गोविन्द श्रेष्ठ
**भतिज/बुहारी** : शिव कुमार श्रेष्ठ/पार्वती श्रेष्ठ
: बिकाश श्रेष्ठ/सोनता बैद्य श्रेष्ठ
**भतिजी/भतिजी ज्वाइं** : सविना श्रेष्ठ खड्का/अशोक खड्का
: चन्द्रकला श्रेष्ठ/निरोज कुमार श्रेष्ठ
: मनिषा श्रेष्ठ/गणेश लामा
**भतिज भतिजीहरू** : सनिषा, बिनय, संगिना श्रेष्ठ

**एवम्**
**सम्पूर्ण श्रेष्ठ परिवार**
**बेसिशहर, लमजुङ**

## सम्पादकीय

# बरालिएको बहस

संघीय संसदको दुवै सदनमा छलफलको विषय धर्म बन्न पुगेको छ । सरकारका मन्त्रीले नै हिन्दू राज्य र राजतन्त्र पुनर्स्थापनाबारे सार्वजनिक अभिव्यक्ति दिएको भन्दै राष्ट्रियसभाका सांसदहरूले आपत्ति जनाएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग जवाफ माग्दै सांसदहरूले संविधानविरूद्ध बोल्ने छुट कुनै मन्त्रीलाई नभएको तर्क गरेका थिए । जवाफमा प्रधानमन्त्री प्रचण्डले मन्त्रीले संविधान बिपरीत बोल्न नहुने र बोलेको भए स्पष्टिकरणको विषय बन्ने आश्वासन दिएका थिए । बुधबार फेरि प्रतिनिधिसभामा त्यही विषयमा आरोप-प्रत्यारोप चलेको छ । सत्तारूढमै रहेका दलहरूबीच पक्ष र विपक्षमा मतभेद भएको थियो । नेकपा एमालेका सांसद रघुजी पन्तले सरकारका मन्त्रीहरूले संविधानको सीमाभित्र रहेर अभिव्यक्ति दिनुपर्ने बताएका थिए । पन्तलाई नेकपा माओवादी केन्द्रका शक्ति बस्नेतले साथ दिए ।

लगत्तै, पन्त र बस्नेतको जवाफ दिन राप्रपाका ज्ञानेन्द्र शाही उभिएका थिए । शाहीलाई राप्रपाकै धवलशमशेर राणाले साथ दिए । राणाले हिन्दू राज्य र राजतन्त्रकै निम्ति आफूले मत पाएको सन्दर्भ प्रस्तुत गर्दै राप्रपालाई नहेप्न चेतावनी दिए । फेरि जनता समाजवादी पार्टी (जसपा) का राजकिशोर यादवले राप्रपाका सांसदहरूको अभिव्यक्तिमा आपत्ति जनाए । संघीय संसदको दुवै सदनमा तर्क बितर्क भएपछि यसको तरंग अन्यत्र देखिनु स्वभाविक भएको छ । जबकी अहिले धर्म बहसको विषय नै होइन । २०७२ मा जारी संविधानले धर्मबारे आवश्यक व्याख्या सहित धर्म निरपेक्ष राज्य सुनिश्चित गरेको छ । सबै धर्मलाई राज्यले समान व्यवहार गर्ने र धर्मकै आधारमा कसैलाई पनि अपमान नहुने प्रष्ट छ । तर त्यही धर्मको नाममा राजनीति गर्ने मनसायले फेरि यो विषय उठाइएको छ ।

पक्कैपनि राप्रपाले यसैलाई राजनीतिक एजेण्डा बनाउँदै आएको छ । राप्रपाले यो विषय तत्काल उठाएको होइन । संविधान जारी गर्नुअगाडि समेत उसको अडान हिन्दू राज्य नै थियो । अहिले संघीय संसदमा १४ सिट जितेको राप्रपाले आफ्नो राजनीतिक कार्यक्रमबारे वकालत गर्नु नौलो भएन । तर सरकारकै मन्त्रीले बोल्दा भने संविधानको ख्याल गरिन आवश्यक छ । अर्कोतिर धर्ममा समाज विभाजित हुँदा संसारका कयौं देशले ठूलो क्षति बेहोर्नु परेको दुखद् इतिहास सम्झेर यहाँको राजनीति गरिनु उपयुक्त हुन्छ । फेरि भनौं, अहिले धर्मको विषय राजनीतिक बहसको विषय नै होइन । सम्भावित आर्थिक संकटदेखि मुलुक र जनताको तत्कालीन आवश्यकतामा सरकार केन्द्रीत हुन आवश्यक छ । संयोगले आज १९ माघ हो । तत्कालीन राजा ज्ञानेन्द्र शाहले सत्ता मोहको अतिशोयुक्तिले १९ माघ २०६१ मा चालेको कदमले मुलुकमा पुगेको दुर्घटना हामीले बिर्सन मिल्दैन । राजनीतिलाई संविधानको दायराभित्र राख्दै जनताको आवश्यकता र चाहना बुझ्नु नै नेतृत्वको मूख्य दायित्व हो ।

# कसरी सुधार गर्ने न्यायपालिका ?

*न्यायालयमा विकृति र विसंगतिको कारक भनेको न्यायाधीशको नियुक्ति नै हो । सर्वोच्च अदालत तथा उच्च अदालतमा न्यायाधीशको नियुक्ति गर्दा वरिष्ठता र कार्यक्षमतासमेतलाई मिचिएको भन्दै वरिष्ठ तथा उम्दा कानून व्यावसायी न्यायाधीशमा नियुक्त हुन चाहेका छैनन् । त्यसैले न्यायाधीशमा राजनीति र हाम्रालाई होइन, राम्रालाई नियुक्ति गर्नु जरूरी छ ।*

अग्रलेख



● विष्णु पाण्डेय

संविधानले न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने नीतिअनुसार राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि मुख्य संयन्त्रको रुपमा समेत लिएको छ । अहिले राज्यका तीन वटै अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा विकृति र विसंगतिका विरूद्ध सचेततापूर्वक आवाजहरू उठेका छन् । आमनागरिक राज्य संयन्त्रप्रति सहजरूपमा सन्तुष्ट हुन सकेको अवस्था छैन । यस पछाडिको कारण भने राजनीतिमा प्रशासनीकरण र प्रशासनमा राजनीतिकरण हावी भएर नै हो । संविधानले शक्तिपृथकीकरण र सन्तुलनरूपी संविधानवादको मर्मलाई आत्मासात गरेको छ, तथापि संविधानवादको मान्यता सिद्धान्तमा सिमित रहन पुगेको छ ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले न्यायपालिकामा हुन सक्ने अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक तथा दण्डात्मक उपायहरूको प्रभावकारी कार्यान्वयन गर्ने तथा बिचौलियाबाट हुनसक्ने क्रियाकलाप रोकथाम गर्न आवश्यक कानूनी तथा संस्थागत संरचना निर्माण गर्ने लक्ष्य लिएको छ । सोही लक्ष्यअनुसार न्यायालयमा रहेका विकृति र विसंगतिको पहिचान र निराकरण, नियन्त्रणका लागि सर्वोच्च अदालतका न्यायाधीशको संयोजकत्वमा उच्च स्तरीय अध्ययन कार्यदल गठन गरी अध्ययन प्रतिवेदन सार्वजनिकरण भई कार्यान्वयनमा समेत ल्याइएको छ । नेपाल सरकारले न्यायालय सुधारका लागि उच्च स्तरीय समिति गठन गरी दिएका सुझावहरूलाई कार्यान्वयनमा ल्याउने उद्देश्यका साथ आफ्नो न्यूनतम साझा कार्यक्रमसमेत सार्वजनिक गरेको छ । यसबाट पनि न्यायालय सुधारको अपेक्षा गरिन्छ ।

न्यायालयमा सुधारको खाँचो छ । यसको अर्थ न्यायालय पूरैरूपमा बिग्रेको भन्ने भने होइन । राज्यका अन्य निकायहरूमा विकृति र विसंगति देखिएको अवस्थामा कानूनमार्फत कारबाहीको दायरामा ल्याउनपर्ने निकाय स्वयम् विकृतिको घेराबन्दीमा नपरोस् भन्ने त जनचाहाना नै हो । जसका लागि दीर्घकालिन र अल्पकालिन गरी रणनीतिहरू अपनाउन आवश्यक देखिन्छ ।

### दीर्घकालिन रणनीति

**न्यायपालिकाको पुनर्संरचना** : न्यायालय सुधारका लागि न्यायपालिकाको पुनर्संरचना जरूरी छ । यथास्थितिवादी संरचनाबाट न्यायालयमा सुधार हुन सक्दैन । सबै तहका न्यायाधीशहरूको नियुक्ति, भर्ना, छनौट प्रक्रियादेखि जनशक्ति व्यवस्थापन यसभित्र पर्दछन् । प्रधानन्यायाधीशको नियुक्तिका लागि सिफारिस गर्ने निकाय संवैधानिक परिषद् राजनीतिक नेतृत्वको बहुमतमा छ । जसको कारण प्रधान न्यायाधीश नियुक्तिमा राजनीतिक प्रभाव पर्नु स्वभाविक नै हो । वर्तमान संविधानले व्यवस्था गरेको संवैधानिक परिषद्को सट्टा एक स्वतन्त्र संवैधानिक परिषद्को संवैधानिक व्यवस्था गरी त्यसको सिफारिसमा सर्वोच्च अदालतको प्रधानन्यायाधीशलगायत संवैधानिक पदमा नियुक्ति गर्ने व्यवस्था गर्नु उपर्युक्त देखिन्छ । न्यायाधीशहरूको नियुक्ति, सरूवा र कारबाहीको समेत सिफारिस गर्ने निकाय न्यायपरिषद्को पुनर्संरचनाको पनि खाँचो छ ।

**नियुक्ति** : सर्वोच्च अदालतको प्रधान न्यायाधीश र अन्य न्यायाधीशलगायत सबै तहका अदालतमा न्यायाधीशको नियुक्ति गर्दा जेष्ठतालाई प्राथमिकतामा राख्ने गरी गरिएको छ । न्यायाधीशजस्तो पदमा जेष्ठता होइन, कार्यक्षमता, कार्यसम्पादन स्तर र निजको आचरणलाई प्राथमिकतामा राख्न जरूरी छ । हामीले नियुक्ति गर्ने एक थान न्यायाधीश होइन, एकजना न्यायमूर्ती हो भन्ने विषयमा गम्भीर हुन जरूरी छ ।

न्यायालयमा विकृति र विसंगतिको कारक भनेको न्यायाधीशको नियुक्ति नै हो । सर्वोच्च अदालत तथा उच्च अदालतमा न्यायाधीशको नियुक्ति गर्दा वरिष्ठता र कार्यक्षमतासमेतलाई मिचिएको भन्दै वरिष्ठ तथा उम्दा कानून व्यावसायी न्यायाधीशमा नियुक्त हुन चाहेका छैनन् । त्यसैले न्यायाधीशमा राजनीति र हाम्रालाई होइन, राम्रालाई नियुक्ति गर्नु जरुरी छ । यसको लागि न्यायाधीशको पुनर्नियुक्ति नै मुख्य विषय हो ।



**मूल्यांकन पद्धतिमा सुधार** : न्यायालयमा कार्यसम्पादन तथा मूल्यांकन पद्धतिमा सुधार ल्याउन जरूरी छ । अहिले जुम्ला, मनाङ, रसुवा, ओखलढुङ्गा जस्ता जिल्लाहरूमा कर्मचारीहरूको चाप बढी रहेको छ भने सर्वोच्च अदालत, उपत्यकाका केही अदालत र तराईका अदालतहरूमा मुद्दा भार बढी छ । जहाँ मुद्दा भार बढी हुन्छ त्यहाँ कर्मचारी काममा बढी खट्नुपर्छ । यद्यपी सुविधाका हिसाबले असमानता छ । मुद्दा र कामको चाप नभएका हिमाली र केही पहाडी जिल्लामा बढुवाका लागि प्राप्त अंकभार पनि बढी, सेवासुविधा पनि बढी रहेको छ । यसमा सुधार गरी तराईका जिल्लाहरूलाई बढी भौगोलिक अंकभार र सुविधा राखेमा नतिजामा नै फरक आउनेछ । सम्मानित सर्वोच्च अदालतको यसतर्फ ध्यान जानपर्ने देखिन्छ ।

### अल्पकालिन रणनीतिहरू

**प्रधानन्यायाधीशको नियुक्ति** : न्यायालय आज नेतृत्वविहीन अवस्थामा छ भन्दा पनि फरक नपर्ला । नागरिकको जिउ, ज्यान र सम्पत्तिलगायत मानव अधिकारको संरक्षण गर्ने जिम्मेवार संरक्षकीय निकाय न्यायालयले लामो समयदेखि नेतृत्व पाएको छैन । न्यायालय तदर्थवादमा चल्न बाध्य छ । न्यायिक नेतृत्वहरूलाई आश र त्रासको कैचीबीच रेटिएर बाँच्नुपर्ने अवस्था सिर्जना भएको छ । यहींबाट शुरू हुन्छ, न्यायालयमा विकृति । न्यायालय लामो समयदेखि नेतृत्वविहीन हुनु न्यायालयको विकृति हो की राजनैतिक विसंगति । त्यसैले न्यायालयको सुधारको पहिलो कडि हो- प्रधानन्यायाधीशको नियुक्ति । यो तुरून्त गर्न जरूरी छ ।

**प्रतिवेदन कार्यान्वयन** : सम्मानीत सर्वोच्च अदालतका का.मु. प्रधान न्यायाधीशज्यूको संयोजकत्वमा गठित विकृति र विसंगतिविहिन न्यायपालिका अध्ययन कार्यदलले पेश गरेको प्रतिवेदन कार्यान्वयनमा आएको भनिएको छ । प्रतिवेदनमा देखिएका कुराहरू नलुकाई पेश गरिन्छ भने निर्मम कार्यान्वयनको अपेक्षा राखिन्छ । प्रतिवेदन कार्यान्वयनका क्रममा नाफा र घाटाको हिसाव किताव हेरिन्न, समग्रमा सुन्दर भविश्यको कल्पना गरिन्छ । प्रतिवेदनले न्यायालय सुधारका केही अल्पकालिन तथा दीर्घकालिन रणनीतिहरू सुझाएको छ । त्यसको कार्यान्वयनको सुखद अनुभूतिको अपेक्षा गरिएको छ ।

**न्यायाधीशको नियुक्ति** : न्यायालय सुधारको पक्ष हो- न्यायाधीशको नियुक्ति र सरूवा । न्यायधीश नियुक्ति गर्दा पारदर्शी मापदण्डको निर्माण गरी कार्यक्षमता, इमानदारीता र न्यायप्रतिको प्रतिवद्धतालाई मुल आधार बनाइनु पर्छ । न्यायाधीश नियुक्ति र सरूवालगायतका विषयलाई सिनियर र जुनियरको विषय बनाउँदा सही न्याय नपर्न सक्छ । नेतृत्व र जिम्मेवारी दिँदा वरिष्ठता मात्र होइन, उसको कार्य क्षमतालाई पनि आधार बनाउनु उपर्युक्त हुन्छ । अहिले जिल्लादेखि सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिको चर्चा चलेको छ । नियुक्तिमा को सिनियर र को जुनियरका जोडघटाउहरू भएका छन । नियुक्ति र सरूवा गर्ने सन्दर्भमा मुद्धाको संख्या पनि हेरिँदैछ भन्ने सुनिन्छ । मुद्धा फर्छौटको संख्या मात्र होइन, मुद्धाको प्रकृति पनि हेर्न जरूरी देखिन्छ । अझ अहिले त मुद्धाको संख्या होइन, उसको पुराना मुद्धा फर्छौट गर्ने क्रममा के भूमिका र योगदान रह्यो, र मुद्धा पन्छाउने प्रवृत्ती कस्तो छ, यसलाई आधार मान्न पर्ने देखिन्छ ।

न्यायाधीशहरूको सरूवा गर्दा मुद्धाको चाप बढी रहेका जिल्लाहरूमा नेतृत्व दिँदा वरिष्ठताका अतिरिक्त निजको नेतृत्व क्षमता र कार्य क्षमतासमेतलाई आधार मान्दा प्रभावकारी हुने देखिन्छ । सबै वरिष्ठकतम न्यायाधीशहरूमा नेतृत्व क्षमता हुन्छ नै भन्नेव छैन ।

अदालतमा न्यायाधीश होइन, राजनीतिक कार्यकर्ता र फैसलाधीश नियुक्ति भएको चर्चा चलिरहेको अवस्थामा न्यायाधीश नियुक्तिका लागि खास किसिमको मापदण्ड तर्जुमा तर्जुमा गर्नु जरूरी छ । न्यायपरिषदले उच्च र जिल्ला अदालतका न्यायाधीशहरूले गरेका फैसला र आदेशको अध्ययन कार्यको संस्थागत र संरचनागत शुरूवात गरी फैसला र आदेशमा निष्पक्षता मात्र होइन गुणस्तरियताको खोजी गर्ने कार्यको शुरुवात पनि गरेको सुनिएको छ । यो सुधारको सुन्दर पक्ष हो ।

**नमुना अदालतको छनोट** : न्यायाधीश र कर्मचारीको सरूवाका सन्दर्भमा कम्तिमा दश वटा मुद्दाका बढी चाप रहेका जिल्ला तथा उच्च अदालतलाई नमुनाका रूपमा छनौट गरी ती अदालतमा पहिलो चरणमा न्यायिक तथा प्रशासनिक नेतृत्व गर्ने न्यायाधीश, स्रेस्तेदार र तहसिलदारको छनौट गरी कार्यसम्पादन सम्झौतासमेत गराई जिम्मेवारी तोक्ने कार्यको थालनी गर्दा न्यायालयमा सुधार ल्याउन सकिन्छ । सुधारका लागि न्यायालयको आवश्यकतालाई हेरी कार्यक्षमता र कार्यसम्पादनलाई आधार बनाउँ, जेष्ठाता र हाम्रालाई मात्र आधार मान्दा न्यायालयमा विकृति भित्रिएको तितो सत्यलाई नबिर्सौं । आज न्यायालयले काम खोजेको छ । सेवाग्राहीहरूले छिटो, छरितो र सुलभ न्याय खोजेका छन । म काम गर्छु, गर्न चाहान्छु भन्ने जनशक्तिको पहिचान गरौं । सही मानिस सही स्थानको पहिचान गरी नेतृत्व र भूमिक दिउँ । न्यायालयमा सुधार टाढा छैन । सुधार वा परिवर्तन एकैचोटी हुने विषय होइन । सुधार निरन्तर प्रयास हो । यो एक जनाको प्रयासबाट सम्भव पनि छैन । यसका लागि सरोकारवाला सबैको सामूहिक प्रयास र प्रयत्नबाट जरुरी छ । न्यायपालिकाको सुधारका लागि यसका अवयवहरू जस्तो नेपाल बारलगायतका निकाय र क्षेत्रहरूको पनि सुधार हुन जरूरी छ । सुधारका लागि त्याग र समर्पणको खाँचो पर्छ । सरोकारवाला सबै पक्ष आत्मकेन्द्रीत भएमा चाहेर पनि सुधार सम्भव हुँदैन ।

सम्माननीय प्रधानन्यायाधीशको सेवा अवधि अब धेरै छैन । यस्तो अवस्थामा उहाँको ध्यान मुद्दा मामिलामाभन्दा अदालत व्यवस्थापन र सुधारका क्षेत्रमा केन्द्रीत हुन जरूरी हुन्छ । आम सेवाग्राहीहरू प्रधानन्यायाधीशले अवकाशको अन्तिम घडीसम्म आफ्नो समय दिन दुगुणा, रात चौगुणा भनेझैं न्यायालयको सुधारमा खर्चिनुपर्ने अपेक्षा गरेका छन् ।

*(लेखक पाण्डेय ललितपुर जिल्ला अदालतमा स्रेस्तेदार छन् ।)*

## सामाजिक सञ्जाल




**- डम्मर खतिवडा**

विवेकशील आयो, गयो । नयाँ शक्ति आयो, गयो । साझा आयो, गयो । घण्टी आयो, लगभग जाने देखियो । न नयाँको खोजी रोकियो न भरपर्दो नयाँ भेटियो, न नयाँ खोज्ने धित मर्‍यो । हिरोइज्म, पपुलिज्म र महत्वाकांक्षाको आगोमा आशाका पुतलीहरू होमिइरहे । अहिलेसम्मको वैकल्पिक राजनीति 'हावा ताल' भयो ।



**- रञ्जित तामाङ**

हिजो पुराना दलहरूलाई आमाचकारी गाली गर्दै आदर्श खोक्ने रवि लामिछाने 'नाइँ आमा मलाई त्यही केटी चाहिन्छ' भन्ने शैलीमा गृहमन्त्री मागेर फौंज काडिरहेका छन् । आदर्श व्यवहारले देखाउने हो, खोक्ने होइन । आदर्श खोक्नेहरू मान्छेको भाँडो होइन, ढौंगको पोका हुन् ।



**- नवराज पन्त**

नेपालमा ठूला कोल्ड स्टोरेजहरू(गोदाम) ६५ वटा रहेछ । त्यसमा आलु भण्डारण गर्दा प्रति दिन प्रति केजी ६० पैसाको दरले भाडा लिने रहेछन् । एक महिनामा रू.१८ भाडामात्र जान्छ । यस्तो संसारको चर्को भाडादर लागु गरेर कृषिको विकास हुन्छ ? गोदाममा डिजल जेनेरेटर निषेध गरेर अनिवार्य बिजुली प्रयोग लागु गर सरकार ।



**- सेतेमान तामाङ**

पूर्वराष्ट्रपतिहरूलाई आजीवन आवासको व्यवस्थापन गर्ने भन्नू नेपाल जस्तो गरीब देशमा झन् गरीब जनतामाथि बढी आर्थिकभार थुपार्नु मात्रै नभई अर्थिक शोषण गर्नु पनि हो । राष्ट्र प्रमुखको लागि त आजीवन आवास दिन सकिएला तर, सडकका भूइँमान्छेहरूको लागि चाहिँ गाँस, बाँस र कपास कहिले व्यवस्था गरिने सरकार ?



**- गोकुल बास्कोटा**

व्यक्तिगत वा संस्थागत सम्झौताहरू सम्बन्धित पक्षहरूको शक्ति सन्तुलन र स्वार्थ रक्षाका लागि हुने हुन । शक्ति सन्तुलन आफ्नो पक्षमा आएको अनुभव गर्ने पक्षले भंग गरेपछि त्यो सक्यो । मालेमावादी 'म्याकाभेलीयनवादी' भए भने त्यो कुन आइतबार कुर्नु पर्ने कुरा भो र ?

# जनताको निराशा र राज्य

*राज्यले ठूला-ठूला कर छलीका मुद्दा हेर्दैन, पैसा असुल्दैन, तर साना-साना ऋण लिएका नागरिक र व्यवसायीलाई दुःख दिन्छ । उनीहरूका घरबार लिलाम गराउँछ । राज्यको रवैयाका कारण गरिखाने जनता मुलुकबाट पलायन हुन बाध्य छन् । जनताहरू विकल्पबिहीन छन् । 'न्याय नपाए, गोरखा जानु' भन्ने उखान स्थापित भएको देशमा न्याय मरे बराबर भएको छ ।*

विचार



● मेघराज भट्टराई

१० वर्षे सशस्त्र युद्धदेखि आजसम्मको समयलाई सर्सती हेर्दा, हामी चरम अराजकतावादी गतिविधिमा पिसिएका छौं । यो देश बधशाला जस्तो भएको छ । नियम कानुनलाई राजनीतिको जामाले छोपेको छ । जस्तो जघन्य अपराध गरे पनि राजनीतिक पार्टीसँग जोडिए पछि कसैको तागत नै हुँदैन । देश झन् पछि झन् अँध्यारो सुरुङभित्रको यात्रामा फस्दै गएको छ । रोल्पाको हार्जाङ घटना होस् या यदु गौतमको हत्या या शिक्षक मुक्तिराम अधिकारी या नन्दलाल अधिकारीको छोरा, नवराज विकको हत्या । हत्याको सिलसिला हेर्दै जाँदा धेरै हत्या भएका छन् । जो निहत्था निर्दोष मानिसको रगत कुनै कसुर बिना बगेको छ । यिनको हत्याराहरुलाई कारबाही कसले गर्ने ? निर्मला पन्त जस्ता नाबालिकाको बलात्कारपछिको हत्या र हत्यारा पत्ता नलाग्नु यो देशको शासन व्यवस्थाको असफलता नै हो । किटानी जाहेरी दिएको छ, तर त्यो व्यक्ति राजनीतिको आडमा सांसद, माननीय बनेर तिनै पीडितको छातीमा परेड खेल्न आएका छन् । नपत्याए घाइते प्रहरीलाई एम्बुलेन्सबाट थुतेर मार्ने एमालेका सांसदलाई नै हेरौं । उनी संसदमा निर्वाचित भएका छन् संसद मै उपस्थित छन् । गृहमन्त्रीसँग बसेका छन् प्रहरीले देख्दैन । पूर्व सभामुखविरुद्ध पनि किटानी जाहेरी थियो । उनलाई कसैले छुन सकेन ।

नेपाली कांग्रेसका नेता २९ जना नागरिकलाई इटा भट्टामा ज्यूँदै पोलेको आरोपमा जेलमा छन् तर, कांग्रेस छुटाउन भरमग्दुर कोशिश गरिरहेको छ । रेशम बहादुर चौधरीको केश पनि कम छैन । उनको विरुद्धमा दुधे बालकसम्मलाई मारेको र अदालतमा सावित भई जेल सजायँ भोगिरहेका छन् । उनलाई छुटाउनको लागि उनको पार्टी नागरिक उन्मुक्ति पार्टीले सरकारसँग निःशर्त रिहाइको माग राखी रहेको छ । राजनीतिको जामा लगाइ दिएर फुलमालाले स्वागत गर्न आतुर छ, यो राज्य व्यवस्थाका संचालक ।

दैनिक मानिस आत्महत्या गरिरहेका छन् । यसको कुनै सुनुवाई नभएको देखेर नै होला सायद प्रेमप्रसाद आचार्यले संसद भवन अगाडि आगो लगाए । उनको चित्कारले यो राज्य संचालकलाई अपराधी घोषित गरिसकेको छ । उनले मर्नु अघि लेखेको लामो आत्मवृत्तान्त सजिलै पढ्न सकिने खालको पनि छैन । उनले राज्यलाई दिएका सुझावहरुको लिस्ट अकाट्य नै छन् भन्दा अन्यथा नहोला । एक एक शब्द राष्ट्रको लागि अरु नागरिक जसले बैंकदेखि ठूला औद्योगिक घराना बिमा कम्पनी, होटेल व्यवसायीदेखि नेता नेतृत्वमाथि प्रश्न उठाएका छन् । यसको सुनुवाई कसले गर्ने ? जहाँ न्यायालय भएर पनि कानुनको धज्जी उडेको छ । यो देशमा कुन मापदण्डले पीडितलाई राहत दिन्छ ?

आज गरिखाने नागरिक विदेश पलायन हुन बाध्य छन् । जुनसुकै व्यवसाय गरे पनि नागरिकलाई सहज छैन । वर्षाको च्याउ जस्तो उम्रिएका बैंक आज मर्ज हुँदै अस्तित्वको लडाईं लड्दै छन् । यिनीहरुको मनपरी यस्तो छ कि व्याजदर अचाक्ली बढाउने जनतालाई ठग्ने ठूला-ठूला ऋण लिएर नतिर्ने मार्ट, मल आज माफिया जस्ता भएका छन् । कुनै समयमा 'न्याय नपाए गोर्खा जानु' भन्ने युक्ति आज फिका झुट्टा साबित भएको छ ।

आज खेलाडी विज्ञ बौद्धिकदेखि साधारण मजदुरले सम्म यो देशमा आफ्नो भविश्य देखेका छैनन् । डिभि भर्नेको लाइन राहदानी बनाउनेको लाइन र श्रम गराउनेको लाइन देख्दा मन विरक्त हुनु स्वाभाविक नै हो । यस्तो अवस्थामा देशमा प्रेम प्रसादहरु नजलुन् पनि किन ? घर परिवार बिग्रेको छ; शिक्षा, स्वास्थ्य, जीवनशैली सबै बिग्रिएका छन् । देश आर्थिक, राजनैतिक हरेक क्षेत्रबाट विदेशीको क्रीडास्थल बनेको छ राष्ट्र । हामी आफूलाई चाहिने कुनै पनि चीजको उत्पादन गर्न लागौंला तर, खुला सिमानाको कारण नेपाली उत्पादन महँगो हुन्छ र नेपाली उपभोगताले भारतीय सामान किन्न जान्छन् । यसको सिधा असर नेपाली व्यवसायीलाई पर्छ । राज्यले नियन्त्रण गर्न सक्दैन । हामी कुन-कुन ठाउँमा गुहार माग्ने ?

राज्यले ठूला-ठूला कर छलीका मुद्दा हेर्दैन, पैसा असुल्दैन, तर साना-साना ऋण लिएका नागरिक र व्यवसायीलाई दुःख दिन्छ । उनीहरुका घरबार लिलाम गराउँछ । राज्यको रवैयाका कारण गरिखाने जनता मुलुकबाट पलायन हुन बाध्य छन् । जनताहरु विकल्पबिहीन छन् । 'न्याय नपाए, गोरखा जानु' भन्ने उखान स्थापित भएको देशमा न्याय मरे बराबर भएको छ ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | जोखिम लिनु हुँदैन । पारिवारिक जीवन सुखी रहन्छ । |
| वृष | : | सन्तान सुख प्राप्त हुन्छ । लेनदेनमा सावधानी राख्नुहोला । |
| मिथुन | : | सामाजिक सहयोग बढ्नेछ । अशान्तिमा वृद्धि हुन्छ । |
| कर्कट | : | दैनिक जीवन सुखी रहनेछ । साहसी कार्य सफल हुन्छ । |
| सिंह | : | अर्का माथि भरोसा नगर्नु होला । विवादमा परिने हुने योग छ । |
| कन्या | : | पराक्रममा वृद्धि हुनेछ । जीवनसाथीको राम्रो सहयोग प्राप्त हुनेछ । |
| तुला | : | महत्वपूर्ण भेटघाट हुनेछ । कार्यहरूमा सावधानी राख्नुहोला । |
| वृश्चिक | : | अनावश्यक विवाद हुने योग छ । नौलो मित्रहरू बन्नेछन् । |
| धनु | : | परिश्रमबाट कार्य सफल हुनेछ । अचल सम्पत्तिमा वृद्धि हुनेछ । |
| मकर | : | धार्मिक कार्यमा रूची बढ्नेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| कुम्भ | : | शान्तिमा वृद्धि हुने योग छ । पारिवारिक दायित्व बढ्नेछ । |
| मीन | : | मनोबल उच्च रहनेछ । सम्बन्धहरूमा मधुरता आउँछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मुटुरोगी कृष्णे कामीलाई अमेरिकाबाट सहयोग



**प्रचण्ड खत्री/रुकुम पश्चिम**
रुकुम पश्चिम, १८ माघ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ३ का मुटुरोगी कृष्णे कामीलाई अमेरिकाबाट आर्थिक सहयोग प्राप्त भएको छ। कामीलाई अमेरिकामा रहेका नेपालीहरूले आर्थिक सहयोग गरेका हुन्। अमेरिकामा रहेका वडा नम्बर ३ का स्थानी दहका चिन्ताराम ओली, धर्मराज ओली, अभिराज ओलीको नेतृत्वमा रकम संकलन गरी सहयोग गरिएको अभियानकर्ता अभिराज ओलीले बताए।

कृष्णे कामीको उपचारका लागि ३ लाख १२ हजार १ सय ८० रुपैयाँ सहयोग गरिएको छ। अमेकामा बस्ने ४२ जना नेपालीहरूबाट उक्त रकम संकलन गरिएको हो। एक कार्यक्रमबीच वडा कार्यालयमा उक्त रकम कामीलाई हस्तान्तरण गरिएको छ। वडाध्यक्ष तिलबिर केसीले उक्त रकम कामीलाई हस्तान्तरण गरेका हुन्। हस्तान्तरण कार्यक्रममा वडाध्यक्ष केसी, वडा सदस्य देवराज उपाध्याय, समाजसेवी लालबहादुर ओली लगायतको सहभागिता रहेको थियो। मुटुरोगी कामीको काठमाडौंको शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा उपचार भइरहेको छ। आर्थिक अवस्था कमजोर भएर कामीको उपचार गर्न पैसा अभाव भएपछि अमेरिका बस्ने नेपालीहरूले रकम जुटाएर सहयोग गरेका हुन्।

# दलित समुदायमाथि अपमान गर्नेलाई कारबाहीको माग

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १८ माघ

जुम्लामा सामाजिक सञ्जालमार्फत दलित समुदायको अपमान हुने शब्द लेख्नेविरुद्ध कारबाहीको माग गरिएको छ। फेसबुकबाट दलित समुदायमाथि अपमानित गर्ने शब्द लेखिएको विषयमा दलित सेवा संघ जुम्ला शाखाले बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै कारबाहीको माग गरेको हो। जुम्ला सिंजा गाउँपालिका वडा नम्बर २ घोडेझा निवासी गौरीलाल जैशीको गौरीलाल तिमिल्सिना नामक फेसबुक खाताबाट दलित समुदायमाथि जातीय विभेदपूर्ण र अपमानजनक शब्द लेखिएकोप्रति दलित समुदायको ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ।

जैशीले लेखेको उक्त फेसबुक स्टाटसले जातीय तथा अन्य छुवाछूत र भेदभाव कसुर र सजाय ऐन, २०६८ आकर्षित हुने भएकाले दोषीलाई कानून बमोजिम कडा भन्दा कडा कारबाही गर्न विज्ञप्तिमार्फत सरोकारवालासँग माग गरिएको छ। सामाजिक सञ्जालबाट दलित समुदायमाथि हुने विभेद कदापि सह्य नहुने दलित सेवा संघ जुम्ला शाखाका अध्यक्ष भिमबहादुर नेपालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ। यस्तै दलित समुदायमाथि आँच आउने शब्द सामाजिक सञ्जालमा लेखिएको पाइएको भन्दै दलित समुदायको संगठित आवाजलाई बेवास्ता नगर्न चेतावनीसमेत दिइएको छ। जैशीले सामाजिक सञ्जाल फेसबुकमा लेखेको दलित समुदायलाई होच्याउने शब्दको चौतर्फी विरोध भएको छ।


## VACANCY ANNOUNCEMENT

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- Accountant -1
- Documentation Officer -1
- Deployment (Flight) Officer -1
- Public Relation Officer -1
- Office Secretary -1
- Correspondent -1
- Receptionist -1
- Office Assistant -1

SALARY Negotiable

श्रम इजाजत पत्र नं १५५८/०७५/०८०
GOOD EARTH INTERNATIONAL PVT.LTD.
Basbari- 3, Kathmandu, Nepal. TEL: 01- 5912258, 5912259
Email: goodearthint58@gmail.com

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Ajeets Management and Development Company Pvt. Ltd. (श्रम इजाजत पत्र नं.३७४/०५९/०६०) मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाईएको ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निजहरु सँग यस प्रा. लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनहुन यसै सार्वजनिक सूचनाद्धारा जानकारी गराईन्छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन । साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कमचारीहरुको नाम | कर्मचारीहरुको पद | नागरिकता नं. र ठेगाना |
|---|---|---|---|
| १ | सबिना गुरुङ | एच.आर मेनेजर | २०७६, संखुवासभा |
| २ | संगिता श्रेष्ठ | रिसेप्सनिष्ट | २४/०१/७४/०११४३ सिन्धुपाल्चोक |
| ३ | मीना तामाङ | डकुमेन्टेसन | ०३/०१/७०/००६९३, इलाम |

श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391
E-mail : nepalajeets@gmail.com

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Parsa Overseas (P) Ltd** श्रम इजाजत पत्र न. १४५०/०७४/०७५ मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.न. | नाम | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | श्याम नारायण चौधरी | मार्केटिङ प्रबन्धक | उदयपुर | १३७०/४८३७५/४९८८ |
| २ | रहमतुल्लाह मिया | पि.आर.ओ. | रौतहट | ६९०८ |
| ३ | तारा तामाङ | प्रतिनिधित्व | धादिङ | २६-०१-७२-१०२९० |

Govt. Lic. No: 1450/074/075
Parsa Overseas Pvt.Ltd.
Address: Sinamangal -9 Kathmandu | Tel: 014488592 | Email: parsaoverseas50@gmail.com

## ZERO COST RECRUITMENT IN MALAYSIA!!
## मलेशियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र नि:शुल्क यातायात, आवास र खाना (छनौंट पस्चात)

(Company Name) : INVENTEC APPLIANCES (MALAYSIA) SDN.BHD — MALAYSIA, PENANG
रोजगारदाता कम्पनी इन्भेन्टेक एप्प्लाएन्सेस् (मलेशिया) एसडिएन. बिएचडी. — मलेशिया, पेनाङ

| Pre Approval Date: 2023/01/19 | Consignment No.: 60195889 | L.T. No.: 279624 |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०७९/१०/०५ | चलानी नं.: ६०१९५८८९ | एल टी नं.: २७९६२४ |

| S. N. सि. नं | Post of Foreign Migrating Worker's कामदारको पद | Total Require Nos. माग संख्या Male पुरुष | Female महिला | Minimum Qualification न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time Facility ओभरटाइम सुबिधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिधा | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator उत्पादन अपरेटर | 10 १० | 0 0 | Proficient in reading, writing and speaking English दक्ष अंग्रेजी पढ्न, लेख्न र बोल्न सक्ने | 1500 १५०० | 45,990 ४५,९९० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 5 Days ५ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी ब्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले ब्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने |

Inventec Appliances (Malaysia) Sdn.Bhd doesn't impose any Recruitment/Placement Fee for this employment.
इन्भेन्टेक एप्प्लाएन्सेस् (मलेशिया) एसडिएन. बिएचडी.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

Note (नोट):
- Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment. आवेदकलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
- Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview. प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदकहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।

Interview will be conducted on 9th February 2023 inside office premises.
अन्तर्वार्ता मिति २०७९ माघ २६ गते कार्यालय परिसरमा हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.कामामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

*Aakarshan International Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
आकर्षण ईन्टरनेशनल प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल grievancereporting@aakarshannepal.org, वा मोबाइल नं. +९७७ ९८४७७५७०८९ मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासोहरुलाई सम्बोधन गर्नेछौं ।

Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at grievancereporting@aakrashannepal.org, or directly calling us at to +977 9847757089, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

Govt. Lic. No.: 609/062/063
AAKARSHAN INTERNATIONAL PVT. LTD.
Address: Aakarshan Building, Shambhu Marga (Near Airport), Kathmandu, Nepal
Email: contacts@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 9801122306

## कतारमा रोजगार

१. कम्पनी: LIFE STYLE FOR CLEANING & MAINTENANCE — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४०२१ LT. No.: 278539 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 29 | 0 | स. काममा दक्ष | 1000 | ३५,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: LIFE STYLE CLEANING & MAINTENANCE — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०७/२८ चलानी नं.: ६०१९११८६ LT. No.: 275555 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 36 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ६०,६३९ | | | | | | | |

३. कम्पनी: RAMACO TRADING AND CONTRACTING CO.W.L.L — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०१/०३ चलानी नं.: ६०१५७४६७ LT. No.: 239228 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 7 | 0 | स. काममा दक्ष | 1100 | ३९,२३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: RAMACO TRADING AND CONTRACTING CO.W.L.L — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/२९ चलानी नं.: ६०१६०१०१ LT. No.: 242373 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 38 | 0 | स. काममा दक्ष | 1000 | ३५,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपा वर कार्यालय काठमाडौंमा २०७९ माघ २६ गते (9 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

